महाकाली नगरपालिका
Mahakali Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
खलंगा दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल
Khalanga Darchula, Sudurpashchim Province, Nepal

प.स. ०७७/०७८
च.न. २५९४

मितिः २०७८/०२/२१

विषयः विद्यार्थी मूल्यांङ्कन तथा नतिजा प्रकाशन सम्बन्धमा ।

श्री सम्पूर्ण विद्यालयहरु
महाकाली नगरपालिका दार्चुला ।

उपरोक्त विषयमा यस महाकाली नगरपालिका अन्तर्गत संचालित सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरुमा शैक्षिक सत्र २०७७ को वार्षिक परीक्षा तथा मूल्यांकन सम्बन्धमा सामाजिक विकास समितिको मिति २०७८/०२/२० को निर्णयानुसार यस कार्यालयको च नं २४४१ मिति २०७८/०१/१४ गतेको पत्रमा उल्लेख भएबमोजिम विद्यार्थी मूल्यांकन गरिसकेका विद्यालयहरुले सोही बमोजिम र मूल्यांकन गर्न बाँकी रहेका विद्यालयहरुले तपसिल बमोजिम विद्यार्थीहरुको मूल्यांकन गरी मिति २०७८ जेठ मसान्तसम्म नतिजा प्रकाशन गर्नुहुनका साथै संघीय सरकारले तेके बमोजिम २०७८ असार १ गतेदेखि शैक्षिक सत्र प्रारम्भ हुने भएकोले नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले निर्धारण गरेका स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डहरुको अनिवार्य रुपमा पालना गर्ने गरी शिक्षक कर्मचारीहरुले विद्यालयमा उपस्थित भई वैकल्पिक माध्यमबाट शिक्षण सिकाइ क्रियाकलाप संचालन गर्ने किसिमले तयारी गर्न समेत अनुरोध गरिन्छ ।

..............................
(डा. विजय भट्टराई)
प्रमुख प्रशासकीय अधिकृत

**तपसिल**

क) कक्षा १ देखि ३ सम्म उदार कक्षोन्नतिका आधारमा कक्षोन्नति गर्ने

ख) कक्षा ४ र ५ मा शैक्षिक सत्र २०७७ मा लिइएका त्रैमासिक परीक्षाका आधारमा ५० प्रतिशत र निरन्तर विद्यार्थी मूल्यांकनको आधारमा ५० प्रतिशत

ग) कक्षा ६ र ७ मा शैक्षिक सत्र २०७७ मा लिइएका त्रैमासिक परीक्षाका आधारमा ६० प्रतिशत र निरन्तर विद्यार्थी मूल्यांकनका आधारमा ४० प्रतिशत

घ) विद्यालयले उपरोक्त आधारमा विद्यार्थीहरुको मूल्यांकन गरी कक्षा ३ र ५ को नतिजा प्रमाणीकरणका लागि शिक्षा युवा तथा खेलकूद शाखामा मार्कसिट तथा मार्क लेजर पेश गर्ने

महाकाली नगरपालिका
Mahakali Municipality
# नगर कार्यपालिकाको कार्यालय
## Office of Municipal Executive
खलंगा दार्चुला,सुदूरपश्चिम प्रदेश, नेपाल
Khalanga Darchula, Sudurpashchim Province, Nepal

प.स. ०७७/०७८
च.न.

**आधारभूत तह कक्षा ८**

क) शैक्षिक सत्र २०७७ मा विद्यालयले संचालन गरेको त्रैमासिक/प्रि टेस्टको सैद्धान्तिक तर्फ ८० प्रतिशत र विषय शिक्षकले २० प्रतिशत आन्तरिक मूल्यांकन गरी नतिजा विद्यालयको IEMIS मा अपलोड गर्ने र अपलोड गर्ने सुविधा नभएका विद्यालयहरुले तयार गरिएको मार्क लेजर शिक्षा युवा तथा खेलकूद शाखामा पेश गर्ने

**माध्यमिक तह कक्षा ९**

क) शैक्षिक सत्र २०७७ मा विद्यालयले संचालन गरेका त्रैमासिक परीक्षाको सैद्धान्तिक तर्फ ८० प्रतिशत र विषय शिक्षकले २० प्रतिशत आन्तरिक मूल्यांकन गरी नतिजा प्रकाशन गर्ने साथै नतिजा तयार गर्दा एक पटकमा ५ जनाभन्दा बढी जम्मा नहुने र स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्डहरुको पूर्ण रुपमा पालना गर्ने र नतिजा प्रकाशन गर्दा फोन म्यासेज इमेल म्यासेन्जर आदि माध्यमबाट विद्यार्थीलाई जानकारी गराउने तथा सामाजिक संजालमा नतिजा राख्दा सिम्बोल नम्बर मात्र प्रकाशन गर्ने

**विषय शिक्षकले २० प्रतिशत आन्तरिक मूल्यांकन गर्दा देहाय बमोजिम गर्ने**

१ नियमित उपस्थितिः ५ प्रतिशत

२ गृहकार्य/कक्षा कार्यः १० प्रतिशत

३ अनुशासनः ५ प्रतिशत

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ

श्री सुचना प्रविधि शाखा : सुचना वेव साइड मा राख्न हुन् ।

ईमेलinfo@mahakalimun@gov.np, mmdarchula@gmail.com, website
www.mahakalimundarchula.gov.np